**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १८ फरवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

1. केन्द्रीय गृहमन्त्री अमित शाहले 'त्यागको अर्थ सबै कुरा छोड्नु होइन, बरु श्रीकृष्णको नामजपबाट जीवनलाई सार्थक बनाउनु रहेको बताउनु भएको छ।

2. पश्चिम बंगालमा हुन लागेको विधानसभा चुनावअघि भाजपाले राज्यका सबै २९४ विधानसभा सिटमा परिवर्तन यात्रा निकाल्ने घोषणा गरेको छ ।

3. पश्चिम बंगाल सरकारको कृषि पहल, "माटिर सृष्टि" ले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको छ।

4. जीटीए कर्मचारी संगठनका केन्द्रीय प्रतिनिधि मण्डलले राज्यका मुख्य सचिवलाई नवान्नमा भेट गरी एक स्मरणपत्र पेश गरेका छन्।

5. आज ग्याल्पो ल्होसार पर्व हर्सोलासको साथमा पालन गरिदै छ|

**<u>AMIT SHAH</u>**

केन्द्रीय गृहमन्त्री तथा भाजपाका वरिष्ठ नेता अमित शाहले 'त्यागको अर्थ सबै कुरा छोड्नु होइन, बरु श्रीकृष्णको नामजपबाट जीवनलाई सार्थक बनाउनु रहेको बताउनु भएको छ। उहाले श्रील भक्तिसिद्धान्त सरस्वती ठाकुरको १५२ औँ जन्मजयन्तीका अवसरमा पश्चिम बंगालको नादिया जिल्लाको मायापुरस्थित इस्कोन मन्दिरको दर्शन गर्नुभयो । मायापुर जानुअघि आफूले प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेटेर श्री चैतन्यका अनुयायीहरूलाई प्रधानमन्त्रीको शुभकामना दिएको उहाले बताउनु भयो । उहाले श्रील भक्तिसिद्धान्त सरस्वती ठाकुरले श्री चैतन्यको सन्देशलाई अगाडि बढाउदै मतुआ समुदायका हरिचन्द ठाकुर र गुरुचन्द ठाकुरको पनि उल्लेख गर्दै भक्ति आन्दोलनमा योगदानको चर्चा गर्नुभयो ।

**<u>I-PAC</u>**

पश्चिम बंगालमा राजनीतिक परामर्श फर्म I-PAC को कार्यालय र यसको सह–संस्थापक Prateek Jain को निवासमा गरिएको छापामारी प्रकरणमा प्रवर्तन निर्देशनालय (ED) ले दायर गरेको याचिकामाथि आज सर्बोच्च न्यायलयमा सुनुवाइको क्रममा तीव्र बहस भएको छ। न्यायमूर्ति Prashant Kumar Mishra र न्यायमूर्ति K V Viswanathan को पिठसमक्ष ED ले दायर गरेको मुद्दामा राज्य सरकारमाथि गम्भीर आरोप लगाइएको छ। ED का तर्फबाट अतिरिक्त सोलिसिटर जनरल S V Raju ले एजेन्सीलाई 'राजनीतिक हतियार'को रूपमा प्रयोग गरिएको नभई उल्टै 'आतंकित' पारिएको दाबी गर्नुभयो।
ED अनुसार, मुख्यमन्त्री Mamata Banerjee को निर्देशनमा I-PAC कार्यालयमा कम्प्युटर डाटा ब्याकअप प्रक्रिया रोकिनुका साथै महत्त्वपूर्ण सीसीटीभी फुटेजको स्टोरेज हटाइएको आरोप लगाइएको छ। यसले अनुसन्धानमा बाधा पुर्‍याउने र प्रमाण कमजोर पार्ने उद्देश्य रहेको दाबी गरिएको छ।एजेन्सीले मुख्यमन्त्रीले आफ्नो Z+ सुरक्षा कभरको दुरुपयोग गरी अनुसन्धान प्रक्रियामा हस्तक्षेप गरेको समेत आरोप लगाएको छ। साथै, I-PAC का संस्थापक प्रतीक जैनको निवासबाट ल्यापटप, मोबाइल फोन र कागजात जबरजस्ती लगिएको दाबी गरिएको छ।अर्कोतिर ED ले पश्चिम बंगालमा कथित 'कानूनहीनता'को अवस्था रहेको उल्लेख गर्दै मुद्दाको अनुसन्धान Central Bureau of Investigation (CBI) लाई सुम्पिन सर्वोच्च अदालतसँग माग गरेको छ, ताकि निष्पक्ष अनुसन्धान सुनिश्चित होस्।

**<u>(एसआईआर)</u>**

पश्चिम बंगालमा स्पेशल इन्टेन्सिभ रिभीजन (एसआईआर)-को सुनवाई अवधि लगातार भएको अशान्तिका घटनाहरूलाई मध्यनजर गर्दै चुनाउ आयोगले अब राज्यमा मतदान प्रक्रियालाई लिएर अतिरिक्त सतर्कता अप्नाउने तयारीमा लागिपरेको छ। आयोगका अनुसार अन्तिम मतदाता सूची प्रकाशित भएपछि कानून व्यवस्थाको स्थिति अझ संवेदनशील हुनसक्ने, यसैलाई केन्द्र गर्दै मतदान घोषणा हुनपूर्व केन्द्रिय बलहरूको तैनाथीमाथि गम्भीर रूपमा विचार गरिँदैछ। सूत्र अनुसार आयोगले हालैमा विशेष पर्यवेक्षकको रूपमा नियुक्त सेवानिवृत्त आईपीएस अधिकारी एन.के. मिश्रासित विस्तृत रिपोर्ट मागेको छ। आयोगको स्पष्ट लक्ष्य छ, मतदान हुन धेरै दिन अघि नै सुरक्षा व्यवस्थालाई मजबुत बनाएर संवेदनशील क्षेत्रहरूमा कड़ा निगरानी राखियोस् ताकि शान्तिपूर्ण अनि निष्पक्ष चुनाउ सुनिश्चित गर्न सकियोस्। यसै रणनीति अन्तर्गत आगामी मार्च महिनाको पहिलो सप्ताहमा

न्यूनतम 100 कम्पनी केन्द्रिय बलहरूलाई तैनाथ गर्ने योजना छ। यसैबीच आयोगले एसआईआर अन्तर्गत अन्तिम मतदाता सूची आगामी 28 फरवरीमा प्रकाशित गरिने जनाएको छ। तथापि सुनवाईसित सम्बन्धित फाइलहरूको जाँच जुन गतिमा भइरहेको छ, त्यसलाई हेर्दा राज्यका मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालले पनि तय तिथिमा अन्तिम सूची जारी हुनेमा शंका व्यक्त गर्नुभयो।

**'परिवर्तन यात्रा'**

पश्चिम बंगालमा हुन लागेको विधानसभा चुनावअघि भाजपाले राज्यका सबै २९४ विधानसभा सिटमा परिवर्तन यात्रा निकाल्ने घोषणा गरेको छ। यो यात्राको समापनमा पार्टीले कोलकाताको ब्रिगेड मैदानमा प्रधानमन्त्री नरेन्द्र मोदीको ठूलो जनसभा गरेर चुनावी बिगुल फुकाउने तयारी गरिरहेको छ।

***पार्टी स्रोतका अनुसार परिवर्तन यात्रा मार्चको पहिलो हप्तामा सुरु हुनेछ। केन्द्रीय गृहमन्त्री अमित शाह, भाजपाका राष्ट्रिय अध्यक्ष नितिन नवीन, रक्षामन्त्री राजनाथ सिंह, देवेन्द्र फडणवीस, शिवराज सिंह चौहान, नितिन गडकरी, स्मृति इरानीजस्ता वरिष्ठ नेताहरूले राज्य भ्रमण गर्नेछन् र यात्राको उद्घाटन गर्नेछन्। भाजपाले कुल नौ विभिन्न परिवर्तन यात्राहरू निकाल्नेछ, जसले राज्यका सबै २९४ विधानसभा निर्वाचन क्षेत्रहरूलाई समेट्नेछ। १ मार्चमा कूचबिहार दक्षिण, कृष्णनगर दक्षिण, कुल्टी, गढ़बेता र रायदिघीबाट पाँच यात्राहरू सुरु हुनेछन्। २ मार्चमा इस्लामपुर, सन्देशखाली, हासन र अमताबाट चार यात्राहरू सुरु हुनेछन्। होलीका कारण यो कार्यक्रम मार्च ३ र ४ मा स्थगित हुनेछ, त्यसपछि यात्रा मार्च ५ देखि फेरि सुरु हुनेछ र १० मार्चसम्म जारी रहनेछ। यसपछि ब्रिगेड ग्राउन्डमा प्रधानमन्त्रीको बैठकको साथ अभियानको समापन हुनेछ, जसको मिति पछि घोषणा गरिनेछ। प्रदेश भाजपा अध्यक्ष शमिक भट्टाचार्यले यी यात्राबाट करिब पाँच हजार किलोमिटरको यात्रा तय गरिने बताउनु भयो। प्रत्येक यात्रामा औसतमा ६४ वटा ठूला भेला हुने र ३०० भन्दा अधिक साना भेला हुने योजना बनाइएको छ। चुनावको सम्भावित सूचना जारी हुनुभन्दा ठीक अघि राज्यभरि व्यापक जनसम्पर्क अभियान सञ्चालन गरेर पार्टीले वातावरण सिर्जना गर्ने लक्ष्य लिएको छ।***
***यसैबीच, राज्यका उद्योगमन्त्री शशि पञ्जाले केन्द्र सरकारले बङ्गालको दुई लाख करोडको बक्यौता रोकेको आरोप लगाउनु भएको छ। यस्तै  हरेक वर्ष दुई करोड रोजगारी दिने र प्रत्येक नागरिकको बैंक खातामा १५ लाख रुपैयाँ जम्मा गर्ने वाचा भाजपाले पूरा हुन नसकेको उहाले बताउनु भयो। उहाका अनुसार भाजपाले पैसाबल र बाहुबलको माध्यमबाट वातावरण बनाउन खोजेको छ तर राज्यका जनताको विश्वास मुख्यमन्त्री ममता बनर्जीमा छ।***

**दिलीप घोष**

दिलीप घोषले आज दक्षिण 24 परगना जिल्लाको राजराजेश्वरपुर गाउँबाट संगठनात्मक सक्रियताको स्पष्ट राजनीतिक सन्देश दिनु भएको छ। बूथ सशक्तिकरण एवं जनसम्पर्क अभियानमा सोझै भाग लिँदै उहाँले घर-घरमा सम्पर्क गरेर कार्यकर्ताहरू तथा स्थानीय नागरिकहरूसित सम्वाद गर्नु भयो। यसलाई आगामी चुनावी रणनीति अन्तर्गत भाजपाको जनाधार बलियो बनाउने पहल मानिँदैछ। पश्चिम बंगालको राजनीतिमा श्री घोषलाई अहिलेघरि अत्यन्त सक्रिय भूमिकामा देखिँदैछ। लगातार विभिन्न जिल्लाहरूको दौड़ाह गरी बूथ स्तरमा संगठन सुदृढ़ीकरणमाथि बल दिइरहनु भएको छ। राजराजेश्वरपुरमा पनि उहाँले स्पष्ट पार्नु भयो, राजनीतिक परिवर्तनको आधार बूथ स्तरमै राखिन्छ अनि प्रत्येक कार्यकर्ताले आ-आफ्नो क्षेत्रमा संगठनलाई विस्तार गर्नुपर्छ। अभियान अवधि श्री घोषले केन्द्र सरकारका योजनाहरूको उल्लेख गर्नु हुँदै  प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वलाई राज्यको विकासको लागि आवश्यक बताउनु भयो। उहाँले भन्नु भयो, केन्द्रका जनकल्याणकारी योजनाहरूको लाभ अन्तिम व्यक्तिसम्म पुऱ्याउनु नै भाजपाको उद्देश्य हो।

**पश्चिम बंगाल-राज्यसभा**

पश्चिम बंगालबाट राज्यसभाको पाँच सिटका लागि १६ मार्चमा हुने चुनावमा सत्तारूढ तृणमूल कांग्रेसले चार सिट जित्ने सम्भावना छ भने भारतीय जनता पार्टीले एक सिटमा सन्तुष्ट हुनुपर्ने अनुमान गरिएको छ। राज्य विधानसभामा दलहरुको अहिलेको संख्याका आधारमा यो तस्बिर लगभग निश्चित मानिएको छ। पाँच सिटमध्ये तीन सिट तृणमूल कांग्रेसका वर्तमान सदस्य सुब्रत बख्शी, रितब्रत बनर्जी र साकेत गोखलेको कार्यकाल समाप्त भएपछि खाली भइरहेको छ। चौथो सीट तृणमूलकी पूर्व सांसद मौसम बेनजीर नूरले राजीनामा दिएपछि खाली भएको थियो। विधानसभामा तृणमूलको बलियो बहुमतका कारण यी चार सिटमा पार्टी उम्मेदवारको जित लगभग निश्चित मानिएको छ।  पाँचौं सिट भारतीय कम्युनिस्ट पार्टी मार्क्सवादीका वरिष्ठ नेता तथा राज्यसभा सदस्य विकास रञ्जन भट्टाचार्यको कार्यकाल सकिएपछि खाली भएको हो। अहिले विधानसभामा वामपन्थी दलसँग प्रभावकारी संख्या छैन। यस्तोमा यो सिट भाजपाको हातमा जाने सम्भावना छ।
तृणमूल कांग्रेसले आफ्ना चार उम्मेदवारहरूको नाम औपचारिक रूपमा घोषणा गर्न बाँकी छ र पार्टी नेतृत्वले यस विषयमा मौन राखेको छ। उता भाजपाको खेमामा सम्भावित उम्मेदवारको चर्चा पनि तीव्र छ। पूर्व अभिनेत्री तथा पूर्व सांसद लकेट चटर्जी, तृणमूल कांग्रेसबाट पहिले राज्यसभा सदस्य रहेका मिथुन चक्रवर्ती र बालुरघाट विधानसभा क्षेत्रबाट विधायक तथा केन्द्र सरकारका पूर्व मुख्य आर्थिक सल्लाहकार अशोक कुमार लाहिरी जस्ता नामहरू विचार गरिँदैछन्।

**मुख्यमन्त्री ममता- "माटिर सृष्टि"**

पश्चिम बंगाल सरकारको कृषि पहल, "माटिर सृष्टि" ले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको छ। मुख्यमन्त्री ममता ब्यानर्जीले आज सामाजिक सञ्जाल पोस्टमार्फत यो उपलब्धि साझा गर्नुभयो। मुख्यमन्त्रीले पश्चिम बंगालका पश्चिमी जिल्लाहरूमा बाँझो, अनुत्पादक र एक फसल योग्य भूमिलाई उर्वर र बहुफसल योग्य जमिनमा रूपान्तरण गर्न २०२० मा सुरु गरिएको "माटिर सृष्टि" कार्यक्रमको सफलताका कारण 'फूड एंड कल्चर हेरिटेज' (एफएओ) द्वारा अन्तर्राष्ट्रिय प्रमाणीकरण प्रदान गरिएको बताउनु भएको छ।
मुख्यमन्त्रीले कार्यक्रमले भूमि, सिँचाइ र पञ्चायत प्रणालीका विभिन्न पक्षहरूलाई एकीकृत गरेको बताउनु भएको छ। फलस्वरूप, यी क्षेत्रहरूले अब तरकारी र फलफूल उत्पादन गरिरहेका छन्। पोखरी उत्खनन र नयाँ सिँचाइ प्रणालीहरूमार्फत पानी आपूर्ति सुनिश्चित गरिएको थियो। यस पहलले लाखौं मानिसहरूलाई रोजगारी प्रदान गर्‍यो र ग्रामीण परिवारहरूको आय धेरै गुणा बढायो। मुख्यमन्त्रीले बताउनु भयो, बंगालको प्रसिद्ध सुगन्धित धानका प्रजातिहरू - गोविन्दभोग, तुलैपान्जी र कंकचुड - लाई अन्तर्राष्ट्रिय रूपमा "खाद्य तथा सांस्कृतिक सम्पदा" को रूपमा मान्यता दिइएको छ। उहाँले भन्नु भयो, यो सम्मान राज्यको प्राकृतिक स्रोत, जैविक विविधता र खाद्य संस्कृति संरक्षण गर्ने प्रयासको विश्वव्यापी मान्यता हो।

**चुनाव आयोग**

निर्वाचन आयोगको निर्देशनपछि पश्चिम बंगाल सचिवालय नवान्नले अन्ततः राज्यका चार अधिकारीहरूविरुद्ध एफआइआर दर्ता गरेको छ। आयोगले तोकेको समय सीमा सक्नु अघि नै यो कारबाही गरिएको थियो। राज्यका मुख्य सचिव नन्दिनी चक्रवर्तीले पनि आयोगलाई पत्र पठाएर उक्त निर्देशन कार्यान्वयन भएको जानकारी गराएकी छन् । आयोग स्रोतका अनुसार मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारसहितको पूर्ण पीठ अहिले आसाममा छ र त्यहाँबाट फर्केपछि सम्पूर्ण मामिलाको समीक्षा गरिनेछ ।
मतदाता नामावलीको विशेष गहन पुनरावलोकन प्रक्रिया सुरु हुनुअघि नै यी चार अधिकारीहरू विवादमा मुछिएका थिए। उनीमाथि गैरकानुनी रुपमा मतदाता सूचीमा नाम थपेको आरोप लागेको थियो । यस अवस्थामा डाटा इन्ट्री कार्यसँग सम्बन्धित एक कर्मचारीको नाम पनि सार्वजनिक भएको थियो । आरोप सार्वजनिक भएपछि आयोगले सम्बन्धित अधिकारीहरूलाई निलम्बन गर्न र उनीहरूविरुद्ध एफआईआर दर्ता गर्न निर्देशन दिएको थियो।

**जीटीए कर्मचारी संगठन**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनभित्र कार्यरत् कर्मचारीहरूको हक, हित र सेवासम्बन्धी विषयलाई लिएर जीटीए कर्मचारी संगठनका केन्द्रीय प्रतिनिधि मण्डलले महत्वपूर्ण पहल गर्दै राज्यका मुख्य सचिवलाई कलकत्तास्थित नवान्नमा भेट गरी एक स्मरणपत्र पेश गरेका छन्। गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाको निर्देश अनुसार डेपुटी चेयरम्यान राजेस चौहानको नेतृत्वमा प्रतिनिधि मण्डलले राज्यका मुख्य सचिवलाई कलकत्तास्थित नवान्नमा भेट गरी उक्त स्मरण पत्र पेश गरेका छन्। उक्त स्मरण पत्रमार्फत् जीटीएमा कार्यरत् कर्मचारीहरूको सेवा–सुरक्षा, स्थायीकरण, पदोन्नति, तलब–भत्ता, निवृत्तिभरण तथा अन्य प्रशासनिक सुविधासम्बन्धी विषयहरूमा यथोचित ध्यानाकर्षण गराइएको छ। लामो समयदेखि विभिन्न चुनौती र अन्योलको सामना गर्दै आएका कर्मचारीहरूको भविष्य सुनिश्चित गर्न राज्य सरकारले सकारात्मक पहल गरोस् भन्ने माग प्रमुख रूपमा उठाइएको छ। कर्मचारी संगठनले संवाद र सहकार्यको माध्यमबाट समस्याको समाधान खोज्ने प्रतिबद्धता जनाउँदै जीटीएभित्र स्थायित्व, पारदर्शिता र सुशासन सुदृढ पार्न कर्मचारीहरूको भूमिका अझ सशक्त बनाउने अपेक्षा राखेको छ भनी केन्द्रीय समितिका अध्यक्ष सुवास छेत्रीले बताउनु भएको छ।

**ग्याल्पो ल्होसार पर्व**

आज दार्जिलिंग पहाड, खर्सांग, कालेबुंग मिरिक, सुकेपोखरी, सिमाना बजार क्षेत्रमा शेर्पा र भोटिया समुदायको जातीय पारम्परिक पर्व ग्याल्पो ल्होसार पर्व पालन गरिएको छ| यस पर्वको अवसरलाई विशेष ध्यानमा राखेर घरका ठूला बडाहरु तयारीमा जुटेको र यस दिन अन्य जाति समुदायलाई पनि निम्ताएर विभिन्न परिकारहरुको भोज खवाउने प्रचलन रहेको छ। पुर्णेको दिन रोपिएको जमरा ल्होसारको दिन नै विधिवत देवी देवताको पूजापछि टिकासँगै परिवारका ज्येष्ठ सदस्य तथा बुजुर्गहरुले आशिषस्वरुप परिवार र आफन्तलाई प्रदान गर्ने मूल परम्परा रहेको छ। ल्होसारमा ख्याप्सो , खोजी र नयाँ अन्न तथा फलफूलद्वरा तयार पारिएको छयाङगो वितरण गर्न साथै शेर्पा अनि भोटिया जाति समुदायका युवक-युवतीहरुले यस दिन घर घरमा पुगेर पारम्पारिक टाँसीडिले उत्सव पालन गर्ने जानकारी प्राप्त भएको छ।

**********